"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

लोक सेवा आयोग

# समाचार पत्र

www.psc.gov.np

*A Trimester Newsletter of Public Service Commission, Nepal*

वर्ष - ७ | अंक - १ | पूर्णाङ्क - २१ | साउन – असोज २०७३




## समावेश भएका विषयवस्तुहरू

- आयोगका सचिव श्री मधुप्रसाद रेग्मीको पद बहाली
- सचिव श्री माधव प्रसाद रेग्मीको बिदाई
- आयोगका महत्वपूर्ण निर्णयहरु
- आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अनिवार्य अवकाश तथा राजिनामा सम्बन्धी विवरण
- आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी
- भौतिक कार्य सम्बन्धी प्रगती विवरण
- समवेदना
- आर्थिक वर्ष २०७३/७४ को प्रथम त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७३ साउन-असोज मसान्तसम्म)
- लोक सेवा आयोगका सचिव श्री मधुप्रसाद रेग्मीसँगको अन्तर्वार्ता
- सूचनामूलक लेख
- सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण
- लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण
- वार्षिक कार्यतालिका (आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी)

  (क)निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-१

  (ख) सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरुतर्फका विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-२

सम्पादक मण्डल :
लक्ष्मीविलास कोइराला, अध्यक्ष (सहसचिव)
गीता कुमारी होमेगाई, सदस्य (उपसचिव)
नारायण प्रसाद पोखरेल, सदस्य-सचिव (शाखा अधिकृत)

# आयोगका सचिव श्री मधुप्रसाद रेग्मीको पद बहाली

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७३/५/२६ को निर्णयानुसार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट सरुवा भई आउनु भएका सचिव श्री मधुप्रसाद रेग्मीले मिति २०७३ भाद्र २९ गतेदेखि आयोगमा पद बहाली गर्नुभयो ।

वि.सं. २०४१ माघ ७ गते नायब सुब्बा पदबाट निजामती सेवामा प्रवेश गर्नु भएका उहाँ वि.सं. २०४३ सालमा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहमा शाखा अधिकृत, वि.सं. २०४९ सालमा नेपाल न्याय सेवामा सहायक सचिव पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट छनौट हुनु भएको हो । वि.सं. २०५० सालमा उक्त पदलाई उपसचिव पदमा रुपान्तरण गरिएपछि ०६०/६१ बाट नेपाल न्याय सेवाको सहसचिव पदमा पदोन्नति हुनु भएका उहाँले विभिन्न श्रेणीमा शिक्षा मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, शान्ति तथा पुनर्निर्माण मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा सेवा गरी विभिन्न निकायहरुका कार्यहरुको अनुभव हासिल गर्नुभएको छ ।

बहालीको क्रममा कर्मचारीहरुलाई मार्गदर्शन सम्बोधन गर्दै उहाँले आफू योग्यता प्रणालीमा आधारित रही कर्मचारी छनौट गर्ने लोक सेवा आयोगमा सरुवा भएर आउँदा पवित्र मन्दिर प्रवेश गरेको आभास भएको उल्लेख गर्नुभयो । आयोगको योग्यताको कदर गर्ने र निष्पक्ष छवि रहेका कारण नै हामीले कर्मचारीका रुपमा उँचो शिर राख्न सकेको हुनाले आयोगमा काम गर्ने क्रममा कायम गर्नुपर्ने योग्यता, क्षमता र निष्पक्षताको सिद्धान्तको पालना, जनतामा रहेको आस्था, भरोसा र विश्वासलाई अझ उचो बनाउनु पर्ने धारणा व्यक्त गर्नुभयो । आयोग निजामती सेवा र राष्ट्रसेवकहरुको संरक्षकको भूमिकामा रहेकोमा नेपालको संविधान कार्यान्वयनमा आएपछि सुरक्षा निकाय, संगठित संस्थाहरु समेतको लिखित परीक्षा सञ्चालन गर्ने भूमिका हुँदा आयोगको भूमिका सबैखाले सरकारी सेवाहरुमा पुगेको छ । यसले आयोगको निष्पक्ष र गहन भूमिकालाई अझ चुनौतीपूर्ण बनाएकोले विशेष ध्यान पुऱ्याई कार्य गर्नका लागि समेत मार्गदर्शन गर्नुभयो ।

उहाँले आयोगमा आफ्नो काम कारवाहीको स्थापित पद्धति रहेकोले यसका काम कारवाही विश्वसनीय र प्रभावकारी हुने धारणा व्यक्त गर्नु भयो । आयोगमा सचिवको भूमिकामा रहेर आयोगको निर्णय कार्यान्वयन गर्ने, सचिवालयका विषयलाई आयोग समक्ष पुऱ्याउन 'बफर' को रुपमा रहने तथा आफूले सो भूमिका निष्पक्ष र प्रभावकारी रुपमा बहन गर्ने विषयमा उहाँले विश्वस्त पार्नुभयो । आयोगका सबै कर्मचारीको भूमिकाको सफलता नै आफ्नो सफलता भएकोले सबै कर्मचारीहरुलाई आयोगको वार्षिक कार्यतालिका अनुसरण गर्न, समय, लागत, परिमाण, गुणस्तर आदिलाई मध्यनजर गर्दै आयोगको कामको संवेदनशीलता र गोपनीयतामा अति ध्यान दिन मार्ग निर्देशन गर्नुभयो । "I might be the head of an organization but you all are my brain" भन्दै आयोगका कार्य सम्पादनका क्रममा सबै कर्मचारीहरुबाट रचनात्मक तथा स्वस्फूर्त सहयोगको अपेक्षा राखेको कुरा व्यक्त गर्नुभयो । आयोगका निमित्त सचिव श्री लक्ष्मी विलास कोईरालाले उहाँको स्वागत गर्नुभएको थियो ।

# सचिव श्री माधव प्रसाद रेग्मीको बिदाइ

मिति २०७२ फागुन २१ गतेदेखि आयोगमा कार्यरत रहनु भएका सचिव श्री माधव प्रसाद रेग्मी मिति २०७३/४/५ देखि सरकारी सेवाबाट अलग हुनु भएको छ । सचिव पदबाट उहाँले दिनुभएको राजिनामा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/३/३१ को निर्णयानुसार स्वीकृत भएपछि सेवाबाट अवकाश प्राप्त गर्नुभएको थियो । २०३६ वैशाख ९ गते अस्थायी डिठ्ठाबाट सुरु जागिरे जीवन ३६ वर्ष ३ महिनाको सेवा अवधि पुरा गरेसँगै मिति २०७३/४/५ गते लोक सेवा आयोगबाट उहाँको बिदाइ गरियो । उक्त कार्यक्रममा आयोगका माननीय अध्यक्ष, सदस्यहरु लगायत आयोगमा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनालीले लामो समयको सेवापछि आफूभन्दा अग्रज र सहयात्रीहरुबाट सम्मानपूर्वक बिदाइ हुन पाउँदा खुसी हुनपर्ने र आयोगबाट बिदाइ हुने व्यक्ति "Brain of PSC" को रुपमा प्रयोग हुने हुँदा अरु निकायबाट हुने बिदाइ भन्दा यस आयोगबाट हुने बिदाइ पृथक हुने कुरा व्यक्त गर्नुभयो । आयोगको लोगोमा रहेर काम गर्न पाएकोमा गर्व गर्नुपर्ने विषयलाई जोड दिँदै निजको सेवा निवृत्त जीवनको शुभकामना व्यक्त गर्नुभएको थियो । आयोगका माननीय अध्यक्षबाट निजले आयोगमा रही गरेको कामको सम्मान स्वरुप कदरपत्र र मायाको चिनो प्रदान गरिएको थियो । बिदाइ हुनुभएका सचिव श्री माधव प्रसाद रेग्मीले आफ्नो जागिरको धेरै अवधि लोक सेवा आयोगमा बितेको, आयोगको कार्यपद्धतिमा पहिले भन्दा हाल धेरै सुधार भएको, योग्यता क्षमताको आधारमा स्थायी सरकार सृजना गर्ने आयोगको कार्य प्रणाली विश्वसनीय रहेको र अझ समयसापेक्ष सुधार हुनुपर्ने सुझाव समेत प्रस्तुत गर्नुभयो । वि.सं. २०३७ सालमा शाखा अधिकृत पदमा लोक सेवा आयोगबाटै स्थायी जागिर सुरु गरी वि.सं.२०७३ भदौमा लोक सेवा आयोगकै सचिव पदबाट सेवा निवृत्त हुनुभएका श्री माधव प्रसाद रेग्मीले सचिव पदमा रहँदा नयाँ संविधानको कार्यान्वयनको क्रममा लोक सेवा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पुनसंरचना गराउनु भएको थियो ।

## आयोगका महत्वपूर्ण निर्णयहरु

१. देहायका पद, सेवा, समूह, उपसमूह, श्रेणी/तहहरुको पाठ्यक्रम परिवर्तन गरिएको छ। उक्त पाठ्यक्रमहरु आयोगबाट देहायको मितिमा स्वीकृत भई देहायका मितिदेखि लागू भएको छ।

| क्र.सं. | पद | सेवा, समूह, उपसमूह | श्रेणी/तह | आयोगको निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १. | सह-सचिव | प्रशासन | रा.प.प्रथम | २०७३/५/१९ | २०७३/५/१९ |
| २. | सह-सचिव | परराष्ट्र<br>न्याय<br>लेखापरीक्षण<br>व्यवस्थापिका संसद | रा.प.प्रथम | २०७३/६/१७ | २०७३/६/१७ |

### परीक्षा योजना (Examination Scheme)

**यस पाठ्यक्रम योजनालाई तीन चरणमा विभाजन गरिएको छ :**

प्रथम चरण :- लिखित परीक्षा (Written Examination) पूर्णाङ्क :- २००

द्वितीय चरण :- कौशल/गुणमापक परीक्षण (Competency Test) पूर्णाङ्क :- १००

तृतीय चरण :- अन्तर्वार्ता (Interview) पूर्णाङ्क :- ३०

### प्रथम चरण : लिखित परीक्षा योजना (Written Examination Scheme)

| पत्र | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या फअङ्क | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| प्रथम | शासकीय प्रबन्ध र विकास (Governance and Development) | १०० | ४० | Problem Solving Case Studies | ४ प्रश्नफ२५अङ्क | ३ घण्टा | नेपाल प्रशासन सेवा, न्याय सेवा, परराष्ट्र सेवा, लेखापरीक्षण सेवा र व्यवस्थापिका संसद सेवाका लागि |
| द्वितीय | सार्वजनिक क्षेत्र व्यवस्थापनमा जवाफदेहीता, नैतिकता र व्यवसायीकता (Public Accountability, Ethics and Professionalism in PSM) | १०० | ४० | Problem Solving Case Studies | ४ प्रश्नफ२५अङ्क | ३ घण्टा | |
| तृतीय | कानून र न्याय प्रशासन (Law & Administration of Justice) | १०० | ४० | Problem Solving Case Studies | ४ प्रश्नफ२५अङ्क | ३ घण्टा | नेपाल न्याय सेवाका लागि मात्र |
| तृतीय | लेखा र लेखापरीक्षण | १०० | ४० | Problem Solving Case Studies | ४ प्रश्नफ२५अङ्क | ३ घण्टा | नेपाल लेखापरीक्षण सेवाका लागि मात्र |
| तृतीय | Nepal's Foreign Policy and Contemporary International Affairs | १०० | ४० | Problem Solving case Studies | ३ प्रश्नफ२५अङ्क | ३ घण्टा | नेपाल परराष्ट्र सेवाका लागि मात्र |
| | | | | Subjective | १ प्रश्नफ१५अङ्क<br>१ प्रश्न फ१५अङ्क | | |

### द्वितीय चरण : कौशल/गुणमापक परीक्षण (Competency Test)

| पत्र | विषय | पूर्णाङ्क | परीक्षा अभ्यास | समय | कैफियत |
|---|---|---|---|---|---|
| (क) | मामिला विश्लेषण (Case Analysis exercise) | ५० | लिखित अभ्यास (Written Exercise) | २ घण्टा | |
| (ख) | प्रस्तुतिकरण (Presentation) | ५० | व्यक्तिगत प्रस्तुतिकरण (Ind.Presentation) | ४५ मिनेट | |

Core compitencies for Joint secretary positions.

| Competency Cluster | Competency Title |
|---|---|
| A. Core Values (अनिवार्य मूल्यहरु) | 1. Ethics and Integrity (नैतिकता र निष्ठा) |
| | 2. Respect for Diversity (विविधतालाई सम्मान) |
| B. Managerial Competencies (व्यवस्थापकीय कौशल/गुणहरु) | 3. Planning, Organizing and Co-ordinating (योजना, संगठनात्मक क्षमता र समन्वय) |
| | 4. Service Orientation (सेवा भाव) |
| | 5. Analytical Thinking and Decision Making (विश्लेषणात्मक सोचाई र निर्णय क्षमता) |
| | 6. Result Oriented (नतिजामुखी) |
| C. People Competencies (मानवीय कौशल/गुणहरु) | 7. Leadership Skill (नेतृत्व गर्ने सीप) |
| | 8. Emotional Intelligence (भावनात्मक सुझबुझ) |
| D. Funcational/Technical Knowledge and Skill (कार्य सम्बन्धी ज्ञान सीप) | 9. Functional/job knowledge and skill (कार्य सम्बन्धी ज्ञान र सीप) |

**तृतीय चरण :– अन्तर्वार्ता** (Interview)

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| अन्तर्वार्ता (Interview) | ३० | बोर्ड अन्तर्वार्ता (Broad Interview) | |

**द्रष्टव्य:**

» नेपाल परराष्ट्र सेवाको सबैपत्रहरुको लिखित परीक्षाको माध्यम भाषा अंग्रेजी हुनेछ भने नेपाल प्रशासन सेवा, न्याय सेवा, लेखापरीक्षण सेवा र व्यवस्थापिका संसद सेवाका लागि लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रजी अथवा नेपाली र अंग्रेजी दुबै हुनेछ ।

» प्रथमपत्र र द्वितीयपत्र र तृतीयपत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

» प्रत्येक पत्र/विषयका प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

» यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

» प्रथमचरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीयचरणको परीक्षामा सम्मिलित गराइनेछ । साथै द्वितीयचरणको परीक्षामा सहभागी भएपछि मात्र तृतीय चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

२. नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (Transcript) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्टयाइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरीसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा उम्मेदवारको सम्बन्धमा सबै वर्ष र सेमेष्टरका मार्कसिट र सम्बन्धित शिक्षण संस्थाबाट सम्बन्धित उपाधी पुरा गरेको पत्र पेश भएमा योग्यता पुगेको मान्ने गरी मिति २०७३/४/३१ मा निर्णय भएको ।

३. आयोगका माननीय अध्यक्षको अध्यक्षतामा स्वास्थ्य मन्त्रालयका सचिव, नेम्स (NAMS) का उपकूलपति लगायत सम्बन्धित विषयका विशेषज्ञ समेतको उपस्थितिमा बसेको बैठकबाट स्वास्थ्य सेवाका विभिन्न समूह तथा उपसमूहरुमा दरखास्त दिने उम्मेदवारहरुको योग्यता र अनुभव सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ मा दोहोरो अर्थ लाग्ने र द्विविधाजनक र एकापसमा बाझिने कानूनी व्यवस्थाहरु रहेको देखिएकोले स्वास्थ्य सेवाका कर्मचारीको वृत्ति विकास र सेवा प्रवाहमा गम्भिर असर पार्ने यस प्रकारका कानूनी प्रावधानहरु यथासिघ्र संशोधन प्रकृया अगाडी बढाउन स्वास्थ्य मन्त्रालयलाई लेखी पठाउने गरी मिति २०७३/५/७ मा निर्णय भएको ।

४. नेपालको संविधानको धारा २४३ को उपधारा (२) को संवैधानिक व्यवस्था कार्यान्वयन गर्ने सिलसिलामा वर्तमान लोक सेवा आयोग ऐन, को विधेयक संसदमा पेश भई सकेको सो ऐन, पारित नहुन्जेल सुरक्षा निकाय तथा संगठित संस्थाहरुको पद पूर्ति स्वीकृत वार्षिक कार्यतालिका अनुकुल हुने गरी वर्षमा एकपटक मात्र संचालन गर्न स्वीकृती दिने गरी मिति २०७३/५/१६ मा निर्णय भएको ।

५. सामान्य प्रशासन मन्त्रालयबाट निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा संशोधनका लागि परामर्श माग भई आएकोमा "निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राख्न परामर्श प्रदान गर्ने गरी मिति २०७३/५/२३ मा निर्णय भएको ।

(क) सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्ष भदौ १ गतेदेखि भदौ मसान्तभित्र,

(ख) मन्त्रालय वा मन्त्रालयस्तरको केन्द्रीय निकाय वा विभागले प्रत्येक वर्षको असोज १ गतेदेखि १५ गते भित्र,

(ग) क्षेत्रीयस्तरका निकायहरुले प्रत्येक वर्षको असोज १६ गतेदेखि असोज मसान्तभित्र ।"

६. सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३, अनुसूची १, बुदा नं. २ (क) अनुसार प्राविधिक उपसेनानी पाइलट अधिकृत पदको शैक्षिक योग्यता "मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह (भौतिक विज्ञान) वा सो सरह उत्तीर्ण गरी आई.सि.ए.ओ. (इन्टरनेशनल सिभिल एभिएसन अर्गनाइजेशन) बाट मान्यता प्राप्त संस्थाबाट कर्मीशियल पाइलट लाइसेन्स उत्तीर्ण गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कर्मशियल पाइलट लाइसेन्स परीक्षा उत्तीर्ण गरेको" योग्यता कायम गर्नको लागि रक्षा मन्त्रालयबाट परामर्श माग भई आएकोमा **देहाय बमोजिम योग्यता कायम गर्न परामर्श दिने गरी आयोगको मिति**

**२०७३/६/६ मा निर्णय भएको। "मान्यता प्राप्त शिक्षण संस्थाबाट दश जोड दुई (१०+२) (भौतिक विज्ञान विषय र गणित विषय सहित) वा सो सरह उत्तीर्ण गरी आई.सि.ए.ओ. (इन्टरनेशनल सिभिल एभिएसन अर्गनाइजेशन) को सदस्य राष्ट्रबाट कर्मशियल पाइलट लाइसेन्स प्राप्त गरी नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कर्मशियल पाइलट लाइसेन्स परीक्षा उत्तीर्ण गरेको"**

७. आयोगको वार्षिक कार्यतालिका बमोजिम विज्ञापन हुने राजपत्र अनंङ्कित प्रथम श्रेणी नायब सुब्बा पदको लिखित परीक्षा संचालन आयोगका सबै क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुले गर्ने व्यवस्था भईसकेको भएतापनि राजपत्र अनङ्कित प्रथम श्रेणी प्राविधिक र स्वास्थ्य सेवातर्फका पाचौं तहका परीक्षा संचालन सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुबाट मात्रै हुँदै आएकोमा भौगोलिक बिकटता र परीक्षार्थीहरुको अनुकुलता समेतलाई ध्यानमा राखी मिति २०७३/६/६ गते देहाय बमोजिम परीक्षा संचालन गर्ने गरी निर्णय भएको:

(क) नेपाल स्वास्थ्य सेवाका पाचौं तहको स्टाफ नर्स, सिनियर असिष्टेण्ट हेल्थ वर्कर, चौथो तहको असिष्टेण्ट नर्स मिड वाईफ (अ.न.मी.), असिष्टेण्ट हेल्थ वर्कर (अ.हे.व.), नेपाल विविध सेवाको, राजपत्र अनङ्कित प्रथम श्रेणीको महिला विकास निरीक्षक एवम कम्प्युटर अपरेटर पदको परीक्षा सबै अञ्चल कार्यालयहरुले समेत संचालन गर्ने ।

(ख) साविकमा राजपत्र अनङ्कित (अप्राविधिक) पदहरुको परीक्षा संचालनका लागि हुम्ला, डोल्पा र लाहानमा केन्द्र कायम गरिसकेकोमा अब उप्रान्त सबै राजपत्र अनंङ्कित प्राविधिक पदहरु एवम् विविध सेवातर्फका राजपत्र अनंङ्कित प्रथम (नायब सुब्बा वा सो सरह) र राजपत्र अनंङ्कित द्वितीय श्रेणी (खरिदार वा सो सरह) का सम्पूर्ण परीक्षाहरुको हुम्ला, डोल्पा र लाहानमा समेत केन्द्र कायम गरी परीक्षा संचालन गर्ने ।

(ग) आयोगको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं र नारायणी अञ्चल कार्यालय, हेटौंडाको विज्ञापनबाट संचालन हुने सबै राजपत्र अनङ्कित (प्राविधिक) तर्फका सम्पूर्ण परीक्षाहरु विरगञ्जमा उपकेन्द्र कायम गरी संचालन गर्न क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुलाई निर्देशन दिने ।

## आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अनिवार्य अवकाश तथा राजिनामा सम्बन्धी विवरण

### (क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | सचिव | श्री मधु प्रसाद रेग्मी | नेपाल सरकार, मन्त्रिपरिषद् | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०५/२६ | २०७३/०५/२९ |
| २ | उपसचिव | श्री युवराज पोखरेल | सामान्य प्रशासन मन्त्रालय | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | २०७३/०५/३१ | २०७३/०६/१९ |
| ३ | उपसचिव | श्री केशवराज त्रिपाठी | सामान्य प्रशासन मन्त्रालय | नारायणी अञ्चल कार्यालय, हेटौंडा | २०७३/०३/०८ | २०७३/०६/१९ |
| ४ | शाखा अधिकृत | श्री विन्दुदेवी शर्मा | सामान्य प्रशासन मन्त्रालय | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | २०७३/०३/०८ | २०७३/०४/२८ |
| ५ | शाखा अधिकृत | श्री देवेन्द्र शर्मा | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०५/१६ | २०७३/०६/१९ |
| ६ | शाखा अधिकृत | श्री गोपीप्रसाद पौडेल | सामान्य प्रशासन मन्त्रालय | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर | २०७३/०६/०४ | २०७३/०६/१९ |
| ७ | शाखा अधिकृत | श्री खगेन्द्रप्रसाद भट्ट | सामान्य प्रशासन मन्त्रालय | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर | २०७३/०६/०४ | २०७३/०६/१९ |
| ८ | शाखा अधिकृत | श्री लक्ष्मीप्रसाद पराजुली | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/०७ | २०७३/०६/१९ |
| ९ | नायव सुब्बा | श्री सुमनकुमारी पोखरेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०५/२९ | २०७३/०६/१९ |
| १० | कम्प्युटर अपरेटर | श्री योगेश्वरी भट्टराई | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०५/२९ | २०७३/०६/१९ |
| ११ | नायव सुब्बा | श्री गंगाराम पाण्डे | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/०६ | २०७३/०६/१९ |
| १२ | नायव सुब्बा | श्री गोपाल कार्की | सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७३/०६/१० | २०७३/०७/०३ |
| १३ | नायव सुब्बा | श्री सुशील ढकाल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१० | २०७३/०७/०३ |
| १४ | नायव सुब्बा | श्री अनन्तराज न्यौपाने | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१० | २०७३/०६/१९ |
| १५ | नायव सुब्बा | श्री हरि जोशी | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१० | २०७३/०६/१९ |
| १६ | नायव सुब्बा | श्री रामप्रसाद पौडेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१० | २०७३/०६/१९ |
| १७ | लेखापाल | श्री मित्रबन्धु पौडेल | महालेखा नियन्त्रक कार्यालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७३/०६/१२ | |
| १८ | लेखापाल | श्री सिता मरासिनी | महालेखा नियन्त्रक कार्यालय | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | २०७३/०६/१२ | |
| १९ | लेखा अधिकृत | श्री भिमार्जुन ज्ञावली | महालेखा नियन्त्रक कार्यालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१२ | |
| २० | लेखापाल | श्री खिमा अर्याल | महालेखा नियन्त्रक कार्यालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१२ | |
| २१ | नायव सुब्बा | श्री होमकुमारी शर्मा | सामान्य प्रशासन मन्त्रालय | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर | २०७३/०६/१६ | २०७३/०६/१९ |

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| २२ | नायव सुब्बा | श्री शालिकराम अधिकारी | सामान्य प्रशासन मन्त्रालय | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर | २०७३/०६/१० | २०७३/०६/१९ |
| २३ | सहायक कम्प्युटर अपरेटर | श्री जीवनाथ आचार्य | सामान्य प्रशासन मन्त्रालय | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | २०७३/०६/११ | २०७३/०६/१९ |
| २४ | सहायक कम्प्युटर अपरेटर | श्री झरना बुढा मगर | सामान्य प्रशासन मन्त्रालय | राप्ती अञ्चल कार्यालय, दाङ | २०७३/०६/१० | २०७३/०६/१९ |
| २५ | खरिदार | श्री पूर्णप्रसाद पाण्डे | सामान्य प्रशासन मन्त्रालय | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | २०७३/०६/१० | २०७३/०६/१९ |
| २६ | ह.स.चा. | श्री भिमबहादुर श्रेष्ठ | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०५/३१ | २०७३/०६/१९ |

### (ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | निर्देशक | श्री तेजप्रसाद दाहाल | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/०५ |
| २ | निर्देशक | श्री शिवकुमार कार्की | मेची अञ्चल कार्यालय, इलाम | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | २०७३/०६/०६ |
| ३ | निर्देशक | श्री नारायणप्रसाद कोइराला | सगरमाथा अञ्चल कार्यालय खोटाङ | मेची अञ्चल कार्यालय, इलाम | २०७३/०६/१४ |
| ४ | शाखा अधिकृत | श्री कृष्णप्रसाद आचार्य | केन्द्रीय कार्यालय, अनामनगर | राप्ती अञ्चल कार्यालय, दाङ | २०७३/०६/१४ |
| ५ | शाखा अधिकृत | श्री सुशीला पौडेल (ढकाल) | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१४ |
| ६ | शाखा अधिकृत | श्री भरत खनाल | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | २०७३/०६/१४ |
| ७ | शाखा अधिकृत | श्री नारायणप्रसाद गौतम | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | २०७३/०६/१४ |
| ८ | शाखा अधिकृत | श्री रेवती के.सी | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१४ |
| ९ | शाखा अधिकृत | श्री शान्ता कडरिया | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१४ |
| १० | नायव सुब्बा | श्री एमकुमार थापा | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर | २०७३/०६/१४ |

### (ग) आयोगबाट अन्यत्र निकायमा सरुवा/काज/पदोन्नति सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा/पदोन्नति भएको निकाय | निर्णय मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लेखा अधिकृत | श्री अर्जुन प्रसाद पौडेल | सिचाई विकास सब-डिभिजन कार्यालय, गोरखा | २०७३/६/१२ | २०७३/०८/०७ | पदोन्नती |
| २ | लेखा अधिकृत | श्री रेनुका श्रेष्ठ | नापी विभाग, काठमाडौं | २०७३/०७/०१ | २०७३/०८/०१ | सरुवा |
| ३ | लेखापाल | श्री नवराज वाग्ले | महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत | २०७३/३/२९ | २०७३/०३/२९ | पदोन्नती |
| ४ | कम्प्युटर अपरेटर | श्री दिपक पौडेल | आन्तरिक राजस्व कार्यालय, कास्की | २०७३/५/३१ | | सरुवा |
| ५ | लेखापाल | श्री जनकराज पौडेल | जिल्ला भूसंरक्षण कार्यालय, कुश्मा | २०७३/६/१२ | २०७३/०७/०१ | सरुवा |

### (घ) अनिवार्य अवकाश

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | अवकाश मिति | कैफियत |
|---|---|---|---|---|
| १ | क्षेत्रीय निर्देशक | श्री मुकुन्दप्रसाद ढकाल | २०७३/०६/०९ | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा |
| २ | नायब सुब्बा | श्री सिविता रन्जित | २०७२/०४/०२ | निजामती किताबखानाबाट मिति २०७३/७/३ को पत्राचार बमोजिम निजको मिति २०७२/४/२ बाट नै अनिवार्य अवकाश भएको । |

### आयोगका पदाधिकारी, कर्मचारीहरुको तालिम/सेमिनार/गोष्ठी

| क्र.सं. | दर्जा | नाम, थर | तालिम/सेमिनारको विषय | तालिम दिने संस्था | अवधि |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री बालकुमार खतिवडा | सेवाकालिन तालिम | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | २०७३/४/१० देखि २०७३/५/२३ |
| २ | उपसचिव | श्री गीताकुमारी होमेगाई श्री शिवकुमार कार्की | Advance course on development. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | २०७३/४/१२ देखि २०७३/५/२४ |
| ३ | शाखा अधिकृत | यमुना सापकोटा | Professional training on governance development. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | २०७३/५/६ देखि २०७३/६/२० |
| ४ | पुस्तकालय अधिकृत | श्री श्रीनारायण झा | Professional training on ICT & e-governance. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल | २०७३/५/८ देखि २०७३/५/३० |

**भौतिक कार्य सम्बन्धी प्रगति विवरण**

- मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको भवन निर्माण कार्य सम्पन्न ।
- सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलको भवन निर्माण कार्य अन्तिम चरणमा ।
- पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङमा भवन निर्माण कार्य सुचारु रहेको ।
- लुम्बिनी अञ्चल कार्यालय, बुटबलमा भवन निर्माण कार्य प्रारम्भ भएको ।

**समवेदना**

- लोक सेवा आयोगका नायब सुब्बा श्री राजुराज अर्यालका पिता श्री गोविन्दप्रसाद अर्यालको २०७३ साल साउन ५ गते भएको दुःखद निधनप्रति समवेदना प्रकट गरियो ।
- लोक सेवा आयोगका कार्यालय सहयोगी श्री डोलनाथ ढुंगानाको मिति २०७३ साल साउन १८ गते भएको दुःखद निधनप्रति समवेदना प्रकट गरियो ।
- लोक सेवा आयोगका कार्यालय सहयोगी श्री ओमकृष्ण शाक्यका पिता श्री मोहनकृष्ण शाक्यको मिति २०७३ साल असोज २१ गते भएको दुःखद निधनप्रति समवेदना प्रकट गरियो ।

### १. आर्थिक वर्ष २०७३/७४ को पहिलो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७३ साउनदेखि असोज मसान्तसम्म)

**(क) निजामती सेवा, स्वास्थ्य सेवा तथा व्यवस्थापिका संसद सेवातर्फ विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण।**

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ७६ | १७१ | ० | ० | ० | ० | ० | ० | १४ | १४ | १ | ६ | ७ | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | १७४ | ५५९ | ० | ० | ० | ० | ० | ४ | २४ | २८ | ४ | ४ | ८ | ० | ० | ० |
| राजपत्रांकित तृतीय | ० | ० | ० | ० | ० | ० | ० | १ | ४ | ५ | १३६ | ४८० | ६१६ | ० | ० | ० |
| राजपत्र अनंकित प्रथम | ० | ० | ० | ० | ० | ० | ० | २०८ | ८३४ | १०४२ | ५० | ४७ | ९७ | ० | १ | १ |
| राजपत्र अनंकित द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | १० | १० | ० | ० | ० | २ | ० | २ |
| जम्मा | २५० | ७३० | ० | ० | ० | ० | ० | २१३ | ८८६ | १०९९ | १९१ | ५३७ | ७२८ | २ | १ | ३ |

**(ख) सुरक्षा निकाय तथा संगठित संस्थातर्फ विज्ञापन प्रकाशनको लागि सहमति, लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण।**

| श्रेणी/तह | विज्ञापन प्रकाशनको लागि सहमति दिइएको संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम/एघारौं | २६ | ९ | ३ | ६९ | ७२ | ० | ३ | ३ |
| राजपत्रांकित द्वितीय/नवौं | ८७ | ५८ | ४१ | ३२४ | ३६५ | ० | ८ | ८ |
| राजपत्रांकित तृतीय/आठौं/सातौं | ४५१ | २६४ | ३९१ | १९२७ | २३१८ | १५ | ३९ | ५४ |
| राजपत्र अनंकित प्रथम/पाँचौं | १४३ | १४६ | ४२४ | ४६० | ८८४ | १३ | ५५ | ६८ |
| राजपत्र अनंकित द्वितीय/चौथो | २२४२ | ४९ | ६४६ | ७८८ | १४३४ | ११ | ७३ | ८४ |
| जम्मा | २९४९ | ५२६ | १५०५ | ३५६८ | ५०७३ | ३९ | १७८ | २१७ |

### २. विभागीय सजायको परामर्श सम्बन्धी विवरण

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| राजपत्रांकित प्रथम | - |
| राजपत्रांकित द्वितीय | ४ |
| राजपत्रांकित तृतीय | ३१ |
| राजपत्र अनंकित प्रथम | ४० |
| राजपत्र अनंकित द्वितीय | ८ |
| श्रेणी विहीन | २ |
| जम्मा | ८५ |

### ३. कूल बजेट खर्च रकम

| क्र.सं. | खर्च शीर्षक | रकम (रु) |
|---|---|---|
| १ | विविध | ३,०४,५५,५५४.०० |
| २ | अन्य प्रशासनिक खर्च | २,६२,९४,८०२.०० |
| ३ | संस्थागत सुदृढीकरण<br>चालु खर्च २५,०५,६००<br>पूँजीगत खर्च ३९,३३,०९१ | ६४,३८,६९१.०० |
| | जम्मा | ६,३१,८९,०४७.०० |

## अन्तर्वार्ता

# लोक सेवा आयोग र यसका कार्यप्रक्रिया सम्बन्धमा आयोगका सचिव श्री मधुप्रसाद रेग्मीसँगको अन्तर्वार्ता



**१. नेपाल सरकारको मिति २०७३।५।२६ को निर्णय अनुसार सरुवा भई यस आयोगको सचिवको जिम्मेवारी ग्रहण गर्नु भएकोमा स्वागत एवं बधाई छ । सरकारी सेवाको अवधिमा विल्कुलै नयाँ कार्यप्रकृति भएको यस संस्थामा रहेर काम गर्दा कस्तो अनुभव गर्नुभएको छ ?**

☞ सर्वप्रथमतः स्वागत एवं बधाईको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सचिवको रुपमा लोक सेवा आयोगमा पहिलोपटक प्रवेश गरेको भए पनि कार्यप्रकृतिमा मूल रुपमा भिन्नता अनुभव गर्नुपर्ने अवस्था देखिदैंन । सचिवको पदमा रहिसकेपछि जहाँ भए पनि आफूलाई मूलतः प्रशासकीय र व्यवस्थापकीय जिम्मेवारीमा केन्द्रीत गर्नुपर्ने हुन्छ र त्यस अर्थमा यहाँ आइसकेपछि पनि मैले आफूले सम्पादन गर्नुपर्ने कामको प्रकृतिमा धेरै भिन्नता महसुस गरेको छैन । निर्वाचन आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत लामै समय काम गरेको कारणबाट पनि संवैधानिक निकायहरुको कामको प्रक्रिया र पद्धतिसँग पनि धेरथोर परिचित नै छु । फेरि लोक सेवा आयोगमा जिम्मेवारी लिएर पहिलो पटक प्रवेश गरे पनि आयोगले सम्पादन गर्ने कामहरु र यसका काम, कर्तव्य र अधिकारको बारेमा हामी सबै निजामती कर्मचारीहरु धेरथोर जानकार नै छौं । त्यस हिसाबले पनि यहाँ आउँदा मैले धेरै अपरिचित ठाउँमा आएको र नितान्त नविन प्रकृतिको जिम्मेवारीसँग साक्षात्कार गर्नुपरेको अनुभव गरेको छैन । हो, आयोगले आर्जन गरेको निष्पक्षता, विश्वसनीयता र श्रेष्ठताको छविलाई अझै उँचो तुल्याउँदै तोकिएको कार्यतालिका अनुसार निर्धारित समयभित्रै कार्यसम्पादन गर्नुपर्ने र सार्वजनिक सेवाका पदहरुमा योग्यहरु मध्येबाट पनि योग्यतम (Best among the best) व्यक्तिहरुको प्राप्तिलाई सुनिश्चित गर्नुपर्ने चुनौतीको बीचमा काम गर्नुपर्दा रोमाञ्चक अनुभूति भने पक्कै भएको छ ।

**२. यहाँले निर्वाचन आयोगमा समेत सचिवको भूमिका निर्वाह गरिसक्नु भएको छ । हाल लोक सेवा आयोगको सचिवको भूमिका निर्वाह गर्दै गर्दा यी दुई संवैधानिक निकायको कार्य प्रकृयाका बिचमा कस्तो समानता र भिन्नता पाउनु भयो ?**

☞ वस्तुतः निर्वाचन आयोग र लोक सेवा आयोगको कामको प्रक्रिया र पद्धतिहरुमा समानता भेटिए पनि कामको प्रकृतिमा भने सारभूत रुपमै भिन्नता देखिन्छ । निर्वाचन आयोग स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको माध्यमबाट योग्य जनप्रतिनिधि छानेर नीति निर्माणको तहमा पुऱ्याउने जिम्मेवारी बोकेको संवैधानिक निकाय हो । मुलुक लोकतन्त्रलाई संस्थागत गर्दै राजनीतिक स्थायित्व हासिल गर्ने दिशामा अद्यापि प्रयत्नरत रहेको तथा संक्रमणकालका बाछिटाहरुले निर्वाचन प्रणाली, र प्रक्रियालाई समेत प्रभावित तुल्याउने अवस्था विद्यमान नै रहेको अवस्थामा निर्वाचन आयोगको भूमिका पनि निःसन्देह गहन र चुनौतीपूर्ण छ । निर्वाचन सम्बन्धी कानूनहरु तयार गर्ने र लोकतन्त्रमा निर्वाचनको महत्व र आवश्यकताको बारेमा जनसाधारणलाई सचेत गराउने दिशामा आयोगको क्रियाशीलता निरन्तर जस्तो देखिए पनि सो आयोगको व्यस्तता आमजनताको लागि मौसमीजस्तो प्रतीत हुन्छ । तर लोक सेवा आयोग सरकारी र सार्वजनिक सेवाका पदहरुमा निष्पक्ष र विश्वसनीय ढंगबाट योग्यमध्येबाट पनि योग्यतम व्यक्तिहरुको छनौट गर्ने र राज्यको तर्फबाट प्रदान गरिने सबै किसिमका सेवा र सुविधाहरुको गुणस्तरीयता प्रत्याभूत गरिने गर्ने कार्यमा सधैंभरि उत्तिकै व्यस्तताका साथ लाग्नुपर्ने संस्था हो । यसप्रकार स्वतन्त्रता, निष्पक्षता, विश्वसनीयता र गुणस्तरीयताका आधारभूत मान्यताहरुलाई दुबै निकायले समान रुपमा अँगाल्दा अँगाल्दै पनि निर्वाचन आयोग यी मानकहरुलाई निर्वाचन (Election) को सन्दर्भमा चरितार्थ गर्नेतर्फ उद्यत देखिन्छ भने लोक सेवा आयोगले यसलाई छनौट (Selection) को सन्दर्भमा आत्मसात् गरेको महसुस हुन्छ ।

**३. निष्पक्षता र आम जनताको भरोसाको धरोहरको रुपमा रहेको लोक सेवा आयोग प्रतिको विश्वसनियता अझ बृद्धि गर्न के कस्तो सुधारको खाँचो महसुस गर्नुभएको छ ?**

☞ निश्चय नै लोक सेवा आयोगले आम जनसमुदायमाझ जुन किसिमको स्वतन्त्र र निष्पक्ष छवि बनाएको छ, त्यो अतुलनीय छ । यो छवि निःसन्देह लोक सेवा आयोगद्वारा आर्जित पूँजी हो र यो पूँजीलाई जोगाइ राख्नु हामी सबैको दायित्व र चुनौती पनि हो । आयोगप्रतिको यही विश्वास र भरोसाकै कारण हुनुपर्छ, भर्खरै जारी भएको नेपालको संविधानले यसको कार्यक्षेत्रमा व्यापक विस्तार गरी निजामती सेवाका अतिरिक्त नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी पनि आयोगलाई नै सुम्पेको छ । यो स्थितिसम्म आईपुग्न आयोगले लामो यात्रा तय गरेको छ र यहाँ काम गर्ने प्रत्येक पुस्ताले आयोगको विश्वसनीयता अभिबृद्धि गर्ने दिशामा एकएक इँटा थपेको मैले महसूस गरेको छु । आयोगको स्वच्छता, निष्पक्षता र विश्वसनीयता अभिबृद्धि गर्ने दिशामा हासिल भएको यो प्राप्ति निरन्तर र क्रमिक सुधारको उपलब्धि हो र यसलाई जोगाँउदै अघि बढ्नु हामी सबैको साझा दायित्व पनि हो । त्यसैले सुधारको नाउँमा एकाएक नौलो (Revolutionary) कदम उठाउनु प्रत्युत्पादक पनि हुन सक्छ भन्ने मेरो धारणा छ । यसको सट्टामा क्रमिक रुपमा सुधार गर्दै जाने (Evolutionary) परिपाटी उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ । यसै क्रममा परीक्षार्थीहरुको सहजताको लागि विद्युतीय आवेदन प्रणाली (Online registration system) भर्खरै सुरु गरिएको छ । परीक्षा दस्तुर लगायतका अन्य भुक्तानी अनलाइन प्रणाली मार्फत गर्ने पद्धति बसाल्नेतर्फ पनि आयोग प्रयत्नरत छ । क्षेत्रीय वा अञ्चल कार्यालयसम्म जान अपायक पर्ने स्थानका उम्मेदवारहरुको सहजताको लागि सुविधा पुऱ्याउने उद्देश्यका साथ हुम्ला, डोल्पा र लहानजस्ता स्थानहरुमा स्थलगत रुपमै आयोगको परीक्षा सञ्चालन गरिएको छ र यस किसिमको सुविधालाई स्रोत, साधन र क्षमताले भ्याएसम्म अन्य स्थानमा पनि विस्तारित गर्ने योजनामा आयोग छ । प्रविधिको क्षेत्रमा आएको परिवर्तन र विकासका सकारात्मक आयामहरुलाई छनौट प्रक्रियामा पनि उपयोग गर्ने, सरकार र सार्वजनिक क्षेत्रले सम्पादन गर्नुपर्ने कामका प्रकृतिमा सारभूत रुपमै फेरबदल आएको र बजारमा उपलब्ध जनशक्ति पनि विगतको तुलनामा फरक प्रकृतिको भएको अवस्थालाई दृष्टिगत गर्दै माग र आपूर्तिबीच उपयुक्त सन्तुलन कायम हुने गरी परीक्षा प्रणाली र पाठ्यक्रमहरुमा सामयिक

सुधार गर्दै जाने, छनौट प्रक्रियामा सैद्धान्तिक पक्षको साथै व्यावहारिक ज्ञान र अनुभवलाई पनि आधार मान्ने परिपाटी बसाल्न सकेको अवस्थामा आयोगको विश्वसनीयतालाई अझै उँचो बनाउन सकिन्छ र यस दिशामा आयोग निरन्तर क्रियाशील छ ।

**४. नेपालको संविधान अनुसार लोक सेवा आयोगको कार्यक्षेत्र विस्तार भएको छ। विस्तारित कार्यक्षेत्र अनुसार काम गर्न लोक सेवा आयोग कसरी अगाडि बढ्नुपर्ने देख्नुहुन्छ ?**

☞ नेपालको संविधान जारी भइसकेपछि आयोगको भूमिका र जिम्मेवारीमा पूर्वापेक्षा व्यापक मात्रामा बढोत्तरी भएको छ । तर संविधानले सुम्पेको यो दायित्व कुशलतापूर्वक निर्वाह गर्नुबाहेक हामीसँग अर्को विकल्प पनि छैन । यसै सिलसिलामा आयोगको संगठनात्मक स्वरुपमा विस्तार भई सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा पनि थप भएको छ । लोक सेवा आयोगप्रतिको भरोसाकै कारणले पनि हुनुपर्छ, वर्षौंदेखि हुन नसकेका पदहरुमा पदपूर्तिको लागि परीक्षा सञ्चालन गर्न विभिन्न संघसंस्थाहरुबाट अनुरोध भै आएका छन् । यसबाट आयोगमा अत्यधिक कार्यबोझ थपिएको छ । आयोगको आन्तरिक समन्वय र सहकार्यलाई अझै बढाउने, उपलब्ध समय, स्रोत र साधनको महत्तम उपयोग गर्ने र व्यवस्थापकीय पक्षहरुमा सुधार गरेर आयोगको विस्तारित कार्य सम्पादन गर्नु उपयुक्त हुने देख्दछु ।

**५. यहाँले आफ्नो कार्यकालमा लोक सेवा आयोगको संस्थागत एवं संरचनात्मक सुदृढीकरणका लागि कुनै छुट्टै कार्य योजना बनाउनु भएको छ कि ?**

☞ मैले अघि नै निवेदन गरें, आयोग अहिले जुन स्थितिमा उभिएको छ त्यो यसले आफ्नो स्थापनाकालदेखि हालसम्म गर्दै आएको निरन्तर र क्रमिक सुधारको फल हो । आयोगमा गरिने सुधारका कामहरुलाई एकपटक मात्रै गरिने प्रयास (One time effort) को रुपमा भन्दा पनि क्रमिक परिवर्तनको प्रक्रियाको रुपमा बुझ्नु उपयुक्त हुन्छ जस्तो लाग्छ । यही वस्तुतथ्यलाई मनन गर्दै आयोगमा के कस्ता सुधारको क्रियाकलापहरु सञ्चालन गर्नुपर्छ भन्ने सम्बन्धमा आयोगका माननीय अध्यक्ष तथा सदस्यज्यूहरुको निर्देशन एवं सहकर्मी साथीहरुसँगको सल्लाहबाट अगाडि बढ्नेछु ।

यति हुँदाहुँदै पनि म के भन्न चाहन्छु भने नयाँ संविधान घोषणा भएसँगै मुलुक संघीयतामा प्रवेश गरिसकेको छ र यसबाट आयोगका कामकारवाही र गतिविधिहरु पनि निःसन्देह प्रभावित हुनेछन् । यसै वस्तुतथ्यलाई मनन गर्दै संघीय संरचनामा आयोगको स्वरुप र संरचना कस्तो हुने, कुन कुन काम लोक सेवा आयोगले र कुन कुन काम प्रदेश लोक सेवा आयोगले सम्पादन गर्ने तथा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबीचको सम्बन्ध के कस्तो हुने भन्ने विषयमा आयोगभित्रै छलफल भइरहेको छ । छलफलबाट प्राप्त हुने निष्कर्षको आधारमा आयोगको भावी स्वरुप र संरचनाको बारेमा धारणा बनाउन मद्दत पुग्नेछ भन्नेमा म विश्वस्त छु ।

**६. हाल राजपत्रांकित प्रथम श्रेणी सहसचिव वा सो सरह (अप्राविधिक) र केही प्राविधिक पदहरुको पाठ्यक्रम परिवर्तन गरिएको छ । यसरी पाठ्यक्रममा भएको परिवर्तनबाट कस्तो जनशक्तिको अपेक्षा गरिएको छ ? साथै सो भन्दा तल्लो श्रेणीका पदहरुको पनि पाठ्यक्रम परिवर्तन हुने हो ? कृपया स्पष्ट पारिदिनुहोला ।**

☞ लोक सेवा आयोगबाट छानिएका उच्च तहका व्यक्तिहरुमा सैद्धान्तिक ज्ञानको स्तर अत्यन्तै उच्च भए पनि व्यवहारमा उनीहरु अपेक्षा गरिए अनुरुप खरो उत्रिन नसकेको र नैतिक मूल्य र मान्यतामा आधारित रहेर उम्मेदवारको उपयुक्तता परीक्षण हुन नसकेको गुनासो यदाकदा सुनिने गरेको पृष्ठभूमिमा अहिले विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणी, अप्राविधिकतर्फ (सहसचिव वा सो सरह) का पदहरुको पाठ्यक्रम परिवर्तन गरिएको हो । यो परिवर्तनबाट हाम्रो निजामती सेवामा नेपाली परिवेश र पृष्ठभूमिलाई पनि राम्रोसँग बुझेको र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने सक्षम र योग्य जनशक्तिको प्राप्ति सुनिश्चित हुनेछ भन्ने अपेक्षा आयोगले गरेको छ । सरकारी कर्मचारीहरुले सम्पादन गर्नुपर्ने कामको प्रकृतिमा आएको फेरबदल र बजारमा उपलब्ध जनशक्तिको बीचमा उपयुक्त तालमेल मिलाउन पनि पाठ्यक्रममा सामयिक सुधार हुनु नियमित प्रक्रिया नै हो । यस अर्थमा पनि तल्लो तह र श्रेणीका परीक्षाहरुको लागि पनि आगामी दिनहरुमा पाठ्यक्रममा परिवर्तन हुँदै जानेछन् ।

**७. आयोगको विषयमा थप प्रासंगिक कुराहरु भए उल्लेख गरिदिनुहोला ।**

☞ नयाँ संविधानले आयोगको भूमिका र जिम्मेवारीमा व्यापक परिवर्तन गरेको पृष्ठभूमिमा आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी र व्यवस्थित तुल्याउन समयानुकूल कानूनी व्यवस्थाको आवश्यकता टड्कारो देखिएको छ । यही आवश्यकता परिपूर्ति गर्ने उद्देश्यका साथ तयार गरी व्यवस्थापिका-संसद समक्ष पेश भएको आयोगको कामकारवाहीलाई नियमित गर्ने विषयको विधेयक अद्यापि पारित हुन सकेको छैन । यसबाट आयोगको कामकारवाही अतिशय प्रभावित भइरहेको महसुस गरिएको छ । तसर्थ उक्त विधेयकलाई छिटोभन्दा छिटो पारित गराउनेतर्फ यथोचित पहल भइदिन म सम्मानित व्यवस्थापिका-संसद समक्ष हार्दिक अनुरोध गर्दछु ।

## सूचनामूलक लेख

### आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री गीताकुमारी होमेगाई र शाखा अधिकृत श्री नारायण प्रसाद पोखरेलले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१. **समावेशी समूहमा आवेदन गर्ने उम्मेदवारले समावेशीताको कागजात कहिलेसम्म पेश गर्नुपर्दछ ?**

लोक सेवा आयोगबाट विज्ञापन भएका आन्तरिक प्रतियोगितात्मक, खुला/समावेशी परीक्षाबाट पूर्ति हुने पदहरुमा आफूले हासिल गरेको शैक्षिक योग्यता र विज्ञापित पदमा तोकिएको न्यूनतम योग्यता मिलेको हकमा सोही अनुसार अनलाईन दरखास्त दिन पाइन्छ । समावेशी समूहहरुमा भएका विज्ञापनहरुमा समावेशी समूहमा पर्ने उम्मेदवारहरुले सो सम्बन्धी प्रमाणित हुने कागजात अपलोड गर्नुपर्नेछ ।

कतिपय उम्मेदवारहरुले आफूले दरखास्त फाराम भर्ने समयमा यस्ता कागजातको तयारी नगरी भर्ने र पछि लिखित परीक्षा उत्तीर्ण भएपछि अन्तर्वार्तामा सहभागी हुन आउदा मात्र त्यस्ता कागजात तयार गरी आउने गरेको पाईन्छ । यस कारणले गर्दा अन्तर्वार्तासम्म पुगेका उम्मेदवारहरु पनि अन्तर्वार्ता दिनबाट तथा अन्तर्वार्ता दिइसकेर पनि सिफारिश हुने क्रममा पुगेका उम्मेदवारहरु समेतको दरखास्त रद्द गर्नुपर्ने अवस्था भएको पाइन्छ । विज्ञापन गर्दाका बखत उम्मेदवार हरुले सूचनामा उल्लेख गरिएका विषयहरु स्पष्टसँग अध्ययन नगरेको कारणबाट पनि यस्तो हुने गरेको पाईन्छ ।

अनलाईन दरखास्त प्रणालीमा उम्मेदवारले फाराम भर्दा सूचना तथा दरखास्त फाराममा उल्लेख भएका विवरणहरु आफूसँग दरखास्त दिने समयमा छन् भनि "I agree to the terms and condition" भनि सुनिश्चित गरिएको हुन्छ र यी कागजातहरु एकैपटक अन्तर्वार्ताको क्रममा आयोगमा पेश गर्नुपर्दछ ।

समावेशी समूहमा दरखास्त दिदा जुन समावेशी समूहमा दरखास्त दिने हो सोही समावेशी समूहको लागि तोकिए बमोजिम ऐन, नियमावलीमा उल्लेख भए अनुसार सम्बन्धित आधिकारिक संस्थाबाट जारी भएको विवरण खुल्ने कागजात आवश्यक पर्दछ । यस सम्बन्धी देहायका ऐन, नियमावलीहरुमा व्यवस्था गरिएको छ ।

क) निजामतीतर्फ निजामती सेवा नियमावली, २०५० को नियम १४,

ख) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ मा यस सम्बन्धमा उल्लेख नभएको र निजामती सेवा, नियमावलीमा भए सरह गर्ने गरिएको,

ग) व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम १३,

घ) सुरक्षा निकाय तथा संगठित संस्थाहरुको पदपूर्तिको क्रममा ऐन, नियमावलीमा उल्लेख भए अनुसार, यस्तो विषयलाई विज्ञापन, सूचना प्रकाशन गर्दा स्पष्ट रुपमा खुलाईएको हुन्छ ।

समावेशी समूहमा आवेदन गर्नका लागि यी कागजात अत्यावश्यक योग्यताका आधार हुन् । यस्ता कागजातहरु सिङ्गल दस्तुर तिरी अनलाईन दरखास्त बुझाउन पाउने अन्तिम दिनसम्म सम्बन्धित निकायबाट जारी भएको हुनुपर्दछ ।

**२. समावेशी समूहमा उम्मेदवारी दिनको लागि आवश्यक कागजात कुन कुन निकायबाट जारी भएको र के के विषय उल्लेख गरिएको हुनुपर्दछ ?**

यस सम्बन्धमा निजामती सेवा नियमावली, २०५० तथा व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ मा देहायको व्यवस्था गरिएको छ :-

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवाका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी सेवाको पदहरुको लागि व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ दफा ७ को उपदफा (६) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम आयोगमा बुझाउने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिश ।

(च) स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको व्यहोराको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ७ उपदफा (६) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइसराइको हकमा छाडेको र गएको गा.वि.स./न.पा.को बसाइसराइ गरेको व्यहोरा खुल्ने कागजात ।

**३. समावेशी सम्बन्धी कागजात दरखास्त फाराममा अपलोड गर्ने सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ ?**

अनलाइन दरखास्त भर्दा समावेशी कागजात अपलोड गर्ने दुईवटा अवस्था रहेका छन् ।

क) कुनै उम्मेदवार निजामती सेवाका पदमा कार्यरत रहेको अवस्थामा तथा निजामती सेवा बाहेक अन्यत्र काम गरेको अनुभवको आवश्यकता पर्ने पदहरुको हकमा उम्मेदवारले दरखास्तसाथ अनुभव तथा विदाका विवरण सम्बन्धी फारामपनि भरि upload गर्नुपर्दछ । यो फाराम आयोगको website (www.psc.gov.np) को online Application मा sign-up (नयाँ उम्मेदवारका लागि) भन्ने tab मा click गर्नुपर्दछ । त्यहाँ निलो अक्षरमा **अनुभव तथा विदाको विवरण आवश्यक पर्ने पदहरुका लागि मात्र** लेखेको ठाउँमा click गरी फाराम डाउनलोड गर्न सकिन्छ ।

उक्त फारामको बुँदा नं.(३) मा **समावेशी समूहमा (अनुसूचीमा सूचिकृत बाहेक) दरखास्त बुझाउने उम्मेदवारहरुका लागि** शीर्षकमा देहायका विवरण भर्नुपर्ने तालिका रहेको छ :-

| समावेशी समूह | सिफारिश गर्ने आधिकारिक निकाय (जिल्ला प्रशासन कार्यालय) | सिफारिश लिएको मिति |
|---|---|---|
| | | |

तालिकामा उल्लेख भए अनुसारको उक्त विवरण भरी experience भन्ने महलमा scan गर्नुपर्दछ । एउटा व्यक्तिको एकभन्दा बढि समावेशी समूह कायम भएको कागजात छ भने पनि माथि उल्लेखित तालिकामा सबै समूहको विवरण खुल्ने गरी भर्नुपर्दछ ।

**(ख) निजामती सेवाका पदमा कार्यरत नरहेका तथा अनुभवको आवश्यकता नपर्ने पदहरुको लागि**

यस्ता उम्मेदवारहरुले दरखास्त फाराम भर्दा experience भन्ने महलमा भर्ने क्रममा आफ्नो समावेशी विवरण खुल्ने कागजात scan गरेर अपलोड गर्नुपर्दछ । कुनै उम्मेदवार एक भन्दा बढि समावेशी समूहमा

पर्ने भएमा निजले सबै समावेशी समूहको विवरण खुल्ने कागजातहरु एउटै पेजमा आउने गरी scan गरेर अपलोड गर्नुपर्नेछ। यसरी अपलोड गर्ने कागजात सूचनामा तोकिएको साइजभन्दा बढि हुनुहुदैन ।

४. **शैक्षिक उपाधी उत्तीर्ण गरिसकेको तर** Transcript Certificate **जारी नभइसकेको अवस्थामा** Online **दरखास्त भर्न पाइन्छ कि पाइदैन ?**

अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारले माग गरिएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता सिङ्गल दस्तुरमा दरखास्त बुझाउने अवधिभित्र प्राप्त गरिसकेको हुनुपर्नेछ । तर आयोगबाट विभिन्न पदको विज्ञापन हुँदा दरखास्त बुझाउने अन्तिम म्याद एक दुई दिन बाँकी हुँदा पनि विश्वविद्यालयहरुबाट सो पदसँग सम्बन्धित नतिजा प्रकाशन गर्ने तर विद्यार्थीले उक्त शैक्षिक योग्यताका लब्धाङ्क (ट्रान्सक्रिप्ट) चारित्रिक प्रमाणपत्र पाइनसकेको अवस्था हुन सक्दछ । यस्तो अवस्थामा उम्मेदवारलाई दरखास्त दिनको लागि सहज होस् भन्ने उद्देश्यले आयोगबाट देहाय बमोजिम निर्णय भएको छ ।

"नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मान्ने ।"

५. **अनलाइन दरखास्त फाराम भरिसके पछि उम्मेदवारले के के कुरामा ध्यान दिनुपर्दछ ?**

आयोगबाट भएका विज्ञापनहरुमा उल्लेखित पदहरुमा अनलाइन दरखास्त फाराम भरिसकेपछि उम्मेदवारहरुको दरखास्त फाराम रितपूर्वक भए नभएको विषयमा आयोगका कर्मचारीबाट हेर्ने गरिन्छ । रितपूर्वकको दरखास्त स्वीकृत गरिन्छ र सो को जानकारी दरखास्त फाराम भर्दा उम्मेदवारले उल्लेख गरेको मोबाइल मा sms मार्फत जानकारी गराईन्छ । कुनै कागजातहरु नपुग भएमा सो को सम्बन्धमा पनि sms मार्फत जनकारी गराईन्छ । उम्मेदवारले यस्ता माग भएका विवरण तथा कागजात यथाशिघ्र छिटो अपलोड गर्नुपर्दछ । यसरी छुट नपुग कागजात संलग्न गरी पठाउँदा सम्बन्धित कागजातमात्र अपलोड गरे पुग्दछ । पुनः Form submit गरी रहनुपर्दैन ।

यदि दरखास्त रित पूर्वकको छैन भने दरखास्त रद्द हुन्छ । सो सूचना पनि उम्मेदवारलाई मोबाइलमा sms मार्फत उपलब्ध गराईने व्यवस्था छ । यसर्थ उम्मेदवारले दरखास्त फाराम भर्दा आफ्नै मोबाइल नम्बर राख्नुपर्दछ । कथमकदाचित आफ्नो मोबाइल नम्बर नभई अन्य पक्षको मोबाइल नंम्बर उल्लेख भएमा इमेल वा Landline उपलब्ध गराएको भएपनि आफू सम्पर्कमा रहनु पर्दछ। दरखास्त स्वीकृत भएपछि उम्मेदवारको प्रवेशपत्र जारी हुन्छ। आफ्नो User name बाट Sign in गरी यसलाई हेर्न सकिनेछ । कहिलेकाही प्रवेशपत्र जारी भैसकेको तर रोल नं. कायम भैनसकेको हुन पनि सक्छ । तसर्थ रोल नं. कायम भएपछिको प्रवेशपत्र प्राप्त भएपछि मात्र उक्त प्रवेशपत्र परीक्षा प्रयोजनका लागि प्रिन्ट गर्नुपर्दछ ।

उम्मेदवारको परीक्षा केन्द्रको सूचना आयोगको वेवसाइट www.psc.gov.np मा **परीक्षा केन्द्र** भन्ने बटनमा हेर्न सकिनेछ । सो पनि हेरि रहनुपर्दछ र परीक्षा केन्द्र कायम गरिएको सूचना बुधबार प्रकाशित हुने गोरखापत्र (आवश्यकता अनुसार अन्य बारहरुमा पनि प्रकाशन गर्न सकिनेछ ।) यसर्थ अनलाइन दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले आफूले पेश गरेका कागजात दरखास्त दिएको पदका लागि रित पूर्वक भए/नभएको, आफ्नो दरखास्त स्वीकृत भए/नभएको, कुनै कागजात थपघट गर्नुपर्ने/नपर्ने लगायत परीक्षा सम्बन्धी विवरणको बारेमा जानकारी प्राप्त गर्न चनाखो भइरहनुपर्दछ । आफ्नो user name मा sign in गरिरहनुपर्दछ र तर फाराम भर्दा आफूले एकपटक पेश गरेका कागजात भने आयोगको निर्देशन बिना पटक पटक फेरिरहने गर्नुहुदैन ।

६. **सुरक्षा निकाय तथा संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धमा आयोगबाट के कस्ता कामहरु सम्पन्न हुने गरेका छन ?**

नेपालको संविधानले निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालका अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने गरी व्यवस्था गरेको छ । संगठित संस्था भन्नाले **विश्वविद्यिालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठीत आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनुपर्दछ** भन्ने पनि संविधानमा उल्लेख गरिएको छ ।

यस्ता निकायका लिखित परीक्षा सञ्चालनको लागि आयोगले आर्थिक वर्ष २०७३/७४ को लागि छुट्टै वार्षिक कार्यतालिका प्रकाशन गरेको छ। सो कार्यतालिका अनुसार त्यस्ता निकायको लिखित परीक्षा सञ्चालनका लागि माग भई आएका पदहरुको बारेमा विज्ञापन प्रकाशन गर्न सहमति दिने, लिखित परीक्षा सञ्चालनको लागि आवश्यक प्रश्नपत्र निर्माण, मोडरेशन, छपाइ गर्ने, परीक्षा केन्द्रहरु निर्धारण गर्ने, लिखित परीक्षा सञ्चालन गर्ने तथा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने सम्मको कार्य आयोगबाट हुने गरेको छ ।

आयोगको सहमती अनुसार विज्ञापन प्रकाशन गर्ने, दरखास्त संकलन गर्ने, र अन्तर्वार्तादेखि सिफारिश सम्बन्धी कार्यहरु सम्बन्धित निकायका पदपूर्ति समितिबाट नै हुने गरेको छ ।

लिखित परीक्षा सञ्चालनको अलावा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने एंव कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने काम समेत आयोगबाट हुने गरेका छन् ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ (८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।) |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | |

| क्र.सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|
| १ | प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री लक्ष्मीविलास कोइराला | क) प्रशासन शाखा | श्री सूर्यप्रसाद सापकोटा |
| | | ख) सूचना तथा प्रकाशन शाखा | श्री गीताकुमारी होमेगाई |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा निरीक्षण शाखा | श्री कुशला पौडेल |
| | | ङ) सूचना सञ्चार प्रविधि शाखा | |
| २ | अन्तर्वार्ता तथा सिफारिश महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री चुरामणि मरासिनी |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | श्री जानकीराम शर्मा बराल |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| | | घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री राजन राई |
| ३ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री शंकरप्रसाद पौडेल | क) परीक्षा सञ्चालन शाखा (प्राविधिक) | श्री समुन्द्रराज रेग्मी |
| | | ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | श्री सूर्यनाथ कोईराला |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| ४ | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | ग) अनुसन्धान तथा विकास शाखा | |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुंगाना | क) नीति नियम तथा अभिलेख शाखा | श्री सन्तोषप्रसाद दाहाल |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |
| ६ | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री ईश्वरीप्रसाद अर्याल |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री तेजप्रसाद दाहाल |

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |

| | | |
|---|---|---|
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री मधु प्रसाद रेग्मी<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासनसम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www. psc. gov. np , हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०/५२०१५१, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४४१०७८२/४४१०९६५,९८४१८८९५४८ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री उपेन्द्र पौडेल | ०६१-४६३१४५/४६३५०६, ९८४६६५७९५७ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री सबिता के.सी. | ०३६-४२०१७७, ९८४१५९६९३५ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री दिनेश कुमार साह | ०४४-५२०१४७, ९८४४०३७३८० |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री दशरथ बुढा | ०८७-५२०००८, ९८५८३२०२४५ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०१-४७७१२१४, ९८४७०४५१८२ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | श्री कृष्णप्रसाद पराजुली | आयोगबाट २०७०, २०७१ र २०७२ सालमा सञ्चालित शाखा अधिकृत र नायब सुब्बा (अप्राविधिक) पदको ऐच्छिक विषय राजनीतिशास्त्रको प्रश्नपत्र उपलब्ध गराई पाउँ भन्ने विषयमा । | २०७३/०४/१७ | निवेदकको माग बमोजिम प्रश्नपत्र उपलब्ध गराइदिन प्रश्नपत्र परिमार्जन शाखालाई मिति २०७३/४/१७ मा पत्राचार गरिएको । |
| २. | श्री कुन्जन साह | रा.प. तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लागि निज सम्मिलित नेपाल न्याय सेवा, परराष्ट्र सेवा र प्रशासन सेवाको लिखित परीक्षाको प्राप्ताङ्क र मेरिटको अवस्था अन्तर्वार्ता हुनु पूर्व जानकारी माग गरेको । | २०७३/०५/०५ | आयोगको मिति २०७२/११/४ को निर्णयानुसारको पत्र मिति २०७३/०५/१६ मा निवेदकलाई उपलब्ध गराईएको । |
| ३ | श्री प्रभातकुमार गुप्ता, वीरगञ्ज-१३, पर्सा | रा.प. तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लिखित परीक्षाको चारै पत्र (न्याय सेवा सहित) को उत्तरपुस्तिकाको प्रतिलिपि माग गरेको । | २०७३/०४/२३ | "आयोगको परीक्षासँग सम्बन्धित लिखित र कागजात गोप्य रहनेछन्" भन्ने लोक सेवा आयोग ऐन, २०६६ को परिच्छेद ६ को दफा ४५ को उपदफा १ बमोजिमको पत्र निवेदकलाई मिति २०७३/४/३० मा हुलाक तथा निजको इमेल मार्फत जानकारी उपलब्ध गराइएको । |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका -१

### (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला – द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकताअनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ॥

## आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका -२

(सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | निकाय | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | आई. क्यू परीक्षा/नतिजा | लिखित/प्रयोगात्मक परीक्षा सञ्चालन | लि.प./प्रयोगात्मक नतिजा | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश गर्ने गरी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | | |
| क | अधिकृत क्याडेट | | खुला तथा समावेशी | आवश्यकता अनुसार | भदौ/असोज | असोज/कार्तिक | असोज/कार्तिक | मंसिर | माघ/फागुन |
| ख | पदिक/हुद्दा अधिकृत क्याडेट | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | चैत्र/वैशाख | जेठ | जेठ | जेठ | असार |
| ग | प्राविधिक/प्राड/लेखा अधिकृत एम.बि.बि.एस./डेन्टल डाक्टर, फर्मासिष्ट, सैनिक उपचारिका, डाईटिसियन, भेटेरिनरी डाक्टर, सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रोनिक्स इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर, केमिकल इन्जिनियर, केमिष्ट, टेक्सटायल इन्जिनियर, सर्भे अधिकृत, कम्प्युटर इन्जिनियर, पाईलट अधिकृत, एरोनोटिकल इन्जिनियर, एयरक्राफ्ट रेडियो मेन्टिनेन्स इन्जिनियर, एभियोनिक्स इन्जिनियर, बायो मेडिकल इन्जियिनर, अर्थोटिक्स एण्ड प्राथोडिक्स इन्जिनियर, प्राड अधिकृत, लेखा अधिकृत आदि) | | खुला तथा समावेशी | आवश्यकता अनुसार | साउन/भदौ | - | असोज/कार्तिक | असोज/कार्तिक | कार्तिक/मंसिर |
| घ | प्राविधिक/प्राड/लेखा अधिकृत (सर्भे अधिकृत, सिष्टम इञ्जिनियर, फोटोग्राफी, मेकानिकल तथा इलेक्ट्रोनिक्स, रेडियो, भेहिकल्स, आर्मोरर, ईन्स्टुमेण्ट र अर्मामिण्ट, छापाखाना, क्याभलरी, सिभिल इञ्जिनियर, वीरेन्द्र अस्पताल र त्रिचन्द्र मिलिटरी अस्पतालका विभिन्न ट्रेड, संभार समूह, पाईनियर, पाईपर, ड्रमर्स, बिगुलर, म्युजिक, व्याण्ड माष्टर आदि) | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ङ | प्राविधिक/प्राड/पदिक (ओभरसियर, ड्राफ्ट मेन, सैनिक उपचारीका, कम्प्युटर, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरिनरी, रेडियो आरमोरर, भेहिकल्स, प्राड जम. आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | पुस/माघ | - | फागुन/चैत्र | फागुन/चैत्र | चैत्र/वैशाख |
| च | प्राविधिक बिल्लादार (मेडिकल, ड्राफ्टमेन, कम्प्युटर, जनरल मेकानिक्स, इलेट्रिसियन, प्लम्बर, सर्भे, बृक्लियर (डकर्मी), बज्रकर्मी, आरमेरर, फोटोग्राफी, छापाखाना, क्याभलरी, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरीनरी, प्याराच्यूट फोल्डर, एभिएसन स्टोर एम्युनिशन टेक्निसियन, असवाव, व्याण्ड, वेल्डर, पेन्टर, भेहिकल मेकानिक्स आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | माघ/फागुन | - | चैत्र/वैशाख | चैत्र/वैशाख | जेठ/असार |
| छ | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स पहिलो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ज | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स दोस्रो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | फागुन/चैत्र | - | वैशाख/जेठ | जेठ/असार | जेठ/असार |
| २ | **नेपाल प्रहरी** | | | | | | | | |
| क | प्राविधिक प्रहरी निरीक्षक/प्रहरी सहायक निरीक्षक | रा.प./रा.प.अनं. | खुला तथा समावेशी | आवश्यकता अनुसार | जेठ | - | साउन | असोज | असोज/कार्तिक |
| ख | प्रहरी निरीक्षक | रा.प. | खुला तथा समावेशी | | असार | - | भदौ/असोज | कार्तिक | कार्तिक/मंसिर |
| ग | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | | साउन | - | कार्तिक | मंसिर | मंसिर/पुस |
| घ | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | | माघ | - | बैशाख | जेठ | जेठ/असार |
| ङ | प्रहरी जवान | | खुला तथा समावेशी | | असार | - | भदौ | असोज | कार्तिक/मंसिर |
| च | प्रहरी जवान | | खुला तथा समावेशी | | पुस | - | फागुन | चैत्र | वैशाख/जेठ |
| छ | प्रहरी कार्यालय सहयोगी | | खुला तथा समावेशी | | कार्तिक | - | कार्तिक | मंसिर | मंसिर |
| ३ | **सशस्त्र प्रहरी बल नेपाल** | | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक/प्रहरी नायव निरीक्षक/ प्रहरी सहायक निरीक्षक (अप्रा./प्रा.) | रा.प./ रा.प अनं. | खुला तथा समावेशी | साउन | भदौ | - | कार्तिक/ मंसिर | पुस/माघ | फागुन/चैत्र |
| ख | सशस्त्र प्रहरी हवल्दार, जवान, परीचर | | खुला तथा समावेशी | भदौ | असोज | - | मंसिर | माघ | फागुन/चैत्र |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | | |
| क | अनुसन्धान अधिकृत | रा.प.तृतीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ख | अनुसन्धान सहायक | रा.प.अनं. द्वितीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ५ | **पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद र अन्य संगठित संस्थाहरु** | | | | | | | | |
| क | अधिकृत/सहायक स्तर | | आन्तरिक प्रतिस्पर्धात्मक/खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ/असोज | - | कार्तिक-माघ | फागुन-चैत्र | चैत्र-असार |